वान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- [redacted] १०

आज मिति २०८२ साल पौष ११ गते शुक्रबारका दिन विहान ८:३० बजे वान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको वैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

देहाय:

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री विन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | – |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री झनक रेग्मी | नि.प्र.प्र.अ./सचिव | |

आमन्त्रित:-

१. श्री तिलक ठकुल्ला प्रशासकीय अधिकृत (छैठौं)
२. श्री कैलाश बलायर व.अ. (छैठौं)
३. श्री अर्जुन प्रसाद जोशी लेखा अधिकृत (छैठौं)

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: १०

देहायः

प्रस्ताव नं. १ : ३ नं. वडा कार्यालयको जग्गा प्राप्ति सम्वन्धमा।

निर्णय नं. १ :

यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत वडा नं. ३ बरदादेवीको वडा कार्यालय भवन निर्माणको लागी जग्गा प्राप्ति गर्ने उद्देश्यले ३ नं. वडा कार्यालयको मिति २०८२/०८/०३ गतेको सिफारिस पत्र वमोजिम चार किल्ला तोकि आएकोमा यस बान्नीगढी जयगढ गाउँ कार्यपालिका बैठकबाट जग्गा प्राप्तिको लागी सूचना प्रकाशन भन्ने निर्णयअनुसार यस गाउँपालिकाको कार्यालयबाट पहिलो पटक १५ (पन्ध्र) दिने र दोस्रो पटक ७ (सात) दिने सूचना प्रकाशित गरी निःशुल्क जग्गा प्राप्तिका लागी सरोकारवालालाई आह्वान गरिएकोमा तोकिएको समयावधिभित्र कुनै पनि जग्गा दाता नआएकोले निःशुल्क रुपमा जग्गा प्राप्त गर्न नसकिने देखिएको हुँदा उक्त वडा कार्यालयको भवन निर्माणको लागी चाहिने मापदण्ड वमोजिमको जग्गा (जग्गा प्राप्ति ऐन, २०३४ तथा प्रचलित कानुन वमोजिम) न्यूनतम संरकारी दररेटमा खरिद गर्नका लागी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. २ : कार्य सञ्चालन निर्देशिका, २०७७ संशोधन सम्वन्धमा।

निर्णय नं. २ :

यस बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको मिति २०८२/०८/२७ गतेको बैठकबाट "बान्नीगढी जयगढ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७" लाई संशोधन गर्ने प्रस्ताव पारित भई थप छलफलका लागी आजको बैठकमा यस निर्देशिकामा रहेका केही बाझिएका प्रावधान हटाउने तथा केहि नयाँ प्रावधानहरु थप्ने सहमति भई अझै थप छलफल गर्न आवश्यक भएकोले पुनः आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ : संस्था दर्ता तथा नविकरण कार्यविधि, २०८२ संशोधन सम्वन्धमा।

निर्णय नं. ३ :

यस "बान्नीगढी जयगढ गाउँपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधि, २०८२" मा रहेका प्रावधानहरु समयानुकुल अद्यावधिक, थपघट र संशोधन गर्न आवश्यक देखिएको भनि प्रशासन शाखाबाट संशोधनको मस्यौदा स्वीकृतिका लागी पेश भएकोमा आजको बैठकमा सो संशोधन प्रस्तावलाई स्वीकृति प्रदान गर्दै सो संशोधनको प्रस्तावित मस्यौदा माथी सामान्य छलफल गरी थप छलफलका लागी आगामी कार्यपालिका बैठकमा पुनः पेश गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १०

**प्रस्ताव नं.४ : बाल अधिकारको संरक्षण, संवर्द्धन तथा प्रर्वद्धनका लागी एकिकृत कार्यविधि, २०८२ टेबल गर्ने सम्बन्धमा।**

**निर्णय नं.४ :**

यस बान्नीगढी गाउँपालिका क्षेत्रभित्र बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रर्वद्धन, प्रचलन तथा परिपुर्तिका लागी नेपालको संविधान तथा बालबालिका सम्वन्धि कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकारको सुनिश्चतता गर्दै बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्ने उद्देश्यले "बाल अधिकारको संरक्षण, संवर्द्धन तथा प्रर्वद्धनका लागी एकिकृत कार्यविधि, २०८२" आजको बैठकमा टेबल गर्नका लागी स्वीकृति प्रदान गर्ने तथा यस कार्यविधिको मस्यौदा १५(पन्ध्र) दिन भित्र तयार गरी पेश गर्नका लागी प्रशासन शाखा र महिला, बालबालिका तथा समाजकल्याण शाखालाई जिम्मा दिने निर्णय गरियो।

**प्रस्ताव नं.५ : आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं.५ :**

यस गाउँपालिका क्षेत्रभित्रका आर्थिक अवस्था न्यून भई गम्भिर प्रकृतिको बिरामी, उपचारार्थ नागरिक तथा आकस्मिक र संवेदनशिल समस्यामा परेका नागरिकहरुलाई समयमै आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने देखिएको हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, मेडिकल रिपोर्ट तथा उपचार सम्बन्धी अन्य संलग्न कागजातहरुका आधारमा आवश्यकता, औचित्यता, सामाजिक न्याय समेत पुष्टि हुने गरि देहाय बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**देहायः**

| क.स. | नाम, थर | ठेगाना | लिङ्ग | उमेर (वर्षमा) | रकम (रु.मा) | कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | आशिष ताम्राकार | बा.ज.गा.पा.-३ | पु. | २३ | २५,०००।- | घाँटीको क्यान्सर रोगको उपचार | |
| २. | पवित्रा साउद | बा.ज.गा.पा.-३ | म. | ७० | २५,०००।- | स्तन क्यान्सर रोगको उपचार | |
| ३. | झपट बहादुर साउद | बा.ज.गा.पा.-६ | पु. | ५९ | २५,०००।- | टाउकाको अप्रेसन | |
| ४. | टेक बहादुर ठकुल्ला | बा.ज.गा.पा.-४ | पु. | ५२ | २५,०००।- | श्रीमतीको क्यान्सर रोगको उपचार | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ९०

| क्र.स. | नाम, थर | ठेगाना | लिङ्ग | उमेर (वर्षमा) | रकम (रु.मा) | कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५. | मिना थापा | बा.ज.गा.पा.-३ | म. | ५६ | २५,०००।- | पाठेघरको क्यान्सर | निवेदक निजको भतिजा हेमराज थापा |
| ६. | यमराज परियार | बा.ज.गा.पा.-५ | पु. | | २५,०००।- | परिवारका सदस्यको उपचार तथा काजक्रिया | निजका परिवारका सदस्यहरु बस दुर्घटनामा परी घाइते भई उपचार भैरहेको तथा केहि मृतकको काजक्रिया समेतका लागी |
| ७. | शिवराज खत्री | मेल्लेख गा.पा. | पु. | | २५,०००।- | आर्थिक अवस्था कमजोर | |
| ८. | दिपा नायकोडे (सार्की) | बा.ज.गा.पा.-४ | म. | ३४ | २०,०००।- | श्रीमानको प्यारालाईसिस उपचार | |
| ९. | भावना ढुंगाना | बा.ज.गा.पा.-२ | म. | | २०,०००।- | छोराको आन्द्राको उपचार | |
| १०. | केशे टमट्टा | बा.ज.गा.पा.-५ | पु. | ६२ | २०,०००।- | मुटुरोग | |
| ११. | उपेन्द्र बहादुर खड्का | बा.ज.गा.पा.-१ | पु. | ५० | २०,०००।- | मुटुरोग | |
| १२. | झुप्रि साउद | बा.ज.गा.पा.-३ | म. | ७० | १५,०००।- | आन्द्राको संक्रमण | निवेदक निजको छोरा समिर साउद |
| १३. | सुनिता आउजी | बा.ज.गा.पा.-३ | म. | २९ | १५,०००।- | लामो समयदेखि बिरामी भई थला परेको | आर्थिक अवस्था साह्रै नाजुक भएको । |
| १४. | कम्माने दमाई | बा.ज.गा.पा.-५ | पु. | | १०,०००।- | लडेर घाइते | छोरा रति दमाईको उपचारका लागी |
| १५. | पुतलि ठकुल्ला | बा.ज.गा.पा.-३ | म. | ५७ | १०,०००।- | स्वास्थ्य उपचार | नातिकृष ठकुल्लाको उपचारका लागी |
| १६. | तेज बहादुर ओली | बा.ज.गा.पा.-५ | पु. | ५० | १०,०००।- | काजक्रिया खर्च | |
| १७. | पवि देवी साउद | बा.ज.गा.पा.-६ | म. | ५८ | १०,०००।- | मुटुरोग | |
| १८. | सुप्रिया खड्का | चौरपाटी गा.पा.-५ लुड्या | म. | ९ | १०,०००।- | लडेर हात भाँचिएको | संरक्षक नरपता स्वाँर (बा.ज.गा.पा.-३) |
| | जम्मा रकम | | | | ३,३५,०००।– (अक्षेरुपी तीन लाख पैतीस हजार मात्र) | | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १०

---

प्रस्ताव नं. ६ : कार्यालय प्रयोजनका लागि भाडामा लिइएको कोठाको सम्झौता नविकरण सम्वन्धमा ।

निर्णय नं. ६

यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत वडा नं ३, गैरिवजार स्थित मनसरा देवी साउँदको स्वामित्वमा रहेको दुई तले पक्की घरको भुइँतलामा रहेको सटरसहितको कोठा गाउँपालिका कार्यालयको प्रयोजनका लागि गाउँ कार्यपालिकाको मिति २०८० फागुन २३ गतेको वैठकबाट निर्णय भै सोहि निर्णय वमोजिम दुईपक्षीय सम्झौताका आधारमा पटक पटक निर्णय वमोजिम म्याद थप भै भाडामा प्रयोग गर्दै आइरहेकोमा सो कोठाको सम्झौता म्याद मिति २०८२ साल असार महिनासंम्म कायम रहेको तथा सो अवधिपछि विविध कारणले सम्झौता थप/नविकरण गर्ने सम्वन्धमा कार्यपालिकाको निर्णय हुन नसके तापनि सो कोठा मिति २०८२ श्रावण १ गते देखि हालसम्म निरन्तर रूपमा गाउँपालिकाको प्रयोजनका लागी प्रयोगमा रहि आएको तथा सो कोठाको प्रयोग आवश्यक देखिएकाले मिति २०८२ श्रावण १ गते देखि लागु हुने गरी मिति २०८३ असार मसान्त सम्म कायम रहने गरी, कोठाको भाडा रकम यस अघिको सम्झौता वमोजिम नै हुने गरी कोठा भाडा सम्झौता नविकरण गर्ने निर्णय गरियो ।